# जनज्योति क्याम्पस

भिमाद न.पा. ६, तनहुँ

# स्वतन्त्र विद्यार्थी युनियन नियमावली २०८१

# जनज्योति क्याम्पस
## स्वतन्त्र विद्यार्थी युनियन नियमावली-२०८१

जनज्योति क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि स्वतन्त्र विद्यार्थी युनियनको गठन गरी स्व. वि. यु लाई नियमित एवं व्यवस्थित गर्नुपर्ने आवश्यकताको महसुस गरी क्याम्पसको विधान २०८० परिच्छेद ८ दफा ४६ (ख) को नियमको अधिनमा रही क्याम्पस सञ्चालक समितिद्वारा यो नियमावली स्वीकृत गरी लागु गरिएको छ ।

**१. स्वतन्त्र विद्यार्थी युनियनको गठन र उद्देश्य**

क) नाम र प्रारम्भ :यो नियमावलीको सक्षिप्त नाम "जनज्योति क्याम्पस स्व.वि.यु. नियमावली २०८१" रहनेछ ।

ख) यो नियमावली क्याम्पस संचालक समितिले स्वीकृति प्रदान गरेका मितिदेखि लागु गरिने छ । यो नियमावली स्वीकृत हुनु अघि स्व.वि.यु. सम्बन्धी भए गरेका काम कार्यवाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

**२. स्वतन्त्र विद्यार्थी युनियनको उद्देश्य :**

स्वतन्त्र विद्यार्थी युनियनको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) क्याम्पसमा विद्यार्थी हक, हितको संरक्षण र संबर्द्धनका निमित्त निरन्तर कार्यरत रहने,

ख) विद्यार्थी समुदायको बौद्धिक र चारित्रिक विकासका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने

ग) क्याम्पसभित्र पठनपाठनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने गराउने,

घ) विद्यार्थीहरुमा अनुशासन कायम राख्न क्याम्पस प्रशासनलाई सहयोग गर्ने,

ङ) विद्यार्थी शक्तिलाई बौद्धिक एवं रचनात्मक क्रियाकलापमा उत्प्रेरित गराउने,

च) क्याम्पसमा शैक्षिक तथा संस्थागत विकासका लागि सदैव क्रियाशील रहने,

छ) क्याम्पस नियमावली र निर्देशिका बमोजिम तोकिएका कार्यहरु गर्ने,

झ) विद्यार्थीको हक हितका लागि भैपरी आउने कार्यहरु गर्ने ।

**३. सदस्य :**

क्याम्पसमा अध्ययनरत प्रत्येक विद्यार्थी युनियनको सदस्यको रुपमा दर्ता हुनेछ । यस नियमको (क) बमोजिम युनियनमा दर्ता भएको विद्यार्थीको सदस्यता निज क्याम्पसमा नियमित रुपले अध्ययन गरुन्जेल कायम रहनेछ । कुनै विद्यार्थी कुनै पनि कारणले क्याम्पसको नियमित विद्यार्थीको रुपमा नरहेमा निजको सदस्यता स्वतः खारेज भएको मानिनेछ ।

**४. सदस्यता शुल्क :**

प्रत्येक विद्यार्थीको सदस्यता बापतको वार्षिक शुल्क रु ५० हुनेछ । विद्यमान स्व.वि.यु.को राय लिइ क्याम्पस सञ्चालक समितिले वार्षिक सदस्यता शुल्कमा थपघट गर्न सक्नेछ ।

**५. साधारणसभा :**

क) युनियनको एक साधारणसभा हुनेछ ।

ख) साधारणसभामा युनियनका सदस्यको रुपमा रहेका सम्बन्धित सबै विद्यार्थीहरुले भाग लिन पाउनेछन् ।

ग) प्रत्येक वर्ष कम्तिमा एक पटक साधारणसभा हुनेछ तर युनियनले आवश्यक ठानेमा जुनसुकै बखत साधारणसभा बोलाउन सक्नेछ ।

घ) साधारणसभाको सदस्यहरुले युनियनको पदाधिकारीको वा कुनै पदका लागि उम्मेदवार हुन र मतदान दिन वा निर्वाचनमा भाग लिन पाउनेछन् ।

ङ) साधारण सभाले कार्यसमितिलाई युनियनको नीति र कार्यक्रमका सम्बन्धमा निर्देशन दिन सक्नेछ ।

## ६. कार्यसमिति :

क) क्याम्पसमा युनियनको एक कार्यसमिति रहनेछ ।

ख) कार्यसमितिको निर्वाचन गोप्य तर प्रत्यक्ष मतदानद्वारा हुनेछ ।

ग) कार्यसमितिको पदाधिकारीको निर्वाचनको आधार "एक व्यक्ति एक मत" हुनेछ । सदस्यहरुको निर्वाचन समानुपातिक आधारमा विद्यार्थी संघ-संगठनलाई क्याम्पसबाट स्वीकृत प्राप्त चुनाव चिन्हमा हुनेछ । चुनाव चिन्ह प्रदान गर्दा विद्यार्थी संघ-संगठनले माग गरेको चुनाव चिन्ह स्वीकृत गरिनेछ । एउटै चुनाव चिन्ह २ वा सोभन्दा बढी संघ-संगठनले माग गरेमा निर्वाचन प्रबन्ध समितिले तोके बमोजिम हुनेछ ।

घ) कार्यसमितिको पदावधि निर्वाचन भएको मितिले साधारणतया दुई वर्षको हुनेछ । तर कुनै कारणवश निर्धारित समयमा निर्वातन हुन नसकेमा स्व.वि.यु. संरक्षकले ६ महिनासम्मका लागि कार्यकाल बढाउन सक्नेछ ।

**कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी र सदस्य रहनेछन् :**

| | | |
|---|---|---|
| सभापति | १ जना | (प्रत्यक्ष निर्वाचन) |
| सचिव | १ जना | (प्रत्यक्ष निर्वाचन) |
| कोषाध्यक्ष | १ जना | (प्रत्यक्ष निर्वाचन) |
| सदस्य | ५ जना | प्रत्यक्ष निर्वाचन) |
| सदस्य | ७ जना | (समानुपातिक) |
| जम्मा | १५ जना | |

ङ) प्रत्यक्ष निर्वाचन तर्फ कम्तिमा एकजना छात्रा, एकजना जनजाति र एकजना दलित अनिवार्य रुपमा हुनुपर्नेछ ।

च) समानुपातिक उमेदवार क्याम्पसमा दर्ता भएका विद्यार्थी संघ-संगठनले ७ जनाको बन्दसुची प्रत्यक्ष उमेदवारी दर्ता साथै पेश गर्नुपर्नेछ ।

छ) हरेक संगठनले बन्दसुची पेश गर्दा न्युनतम तीन जना छात्रा सहित, जनजाति, दलित, सिमान्तकृत र अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेको वर्गलाई प्रथमिकता दिनुपर्नेछ ।

ज) जम्मा खसेको वैध मतलाई ७ ले भाग गर्दा आउने संख्यामा १ थप गरी हुने संख्यालाई कोटा मानी सोही आधारमा सदस्यको प्रतिनिधित्व हुनेछ ।

झ) सम्बन्धित संगठनले आफुलाई प्राप्त मतको आधारमा बन्दसुची मध्येबाट समावेशी आधारमा निर्वाचन सम्पन्न भएको ३ दिनभित्र सदस्य तोकी पठाउनुपर्नेछ ।

ञ) सम्बन्धित विद्यार्थी संगठनले समानुपातिक तर्फको बन्दसूचि निर्वाचन प्रबन्ध समितिलाई बुझाईसकेपछि स्व.वि.यु.ले प्रत्यक्ष ५ र समानुपातिक ७ गरि जम्मा १२ जना सदस्यहरुमध्येबाट उपसभापति र सह-सचिव १-१ जना सकेसम्म सहमतीय आधारमा मनोनयन गर्नुपर्नेछ ।

## ७. गणपूरक संख्या :

साधरणसभा र कार्यसमितिको बैठकका लागि युनियनको गणपुरक संख्या बहुमतलाई मानिनेछ ।

## ८. रिक्त पदको पूर्ति :

क) कुनै पदाधिकारी वा सदस्यले राजिनामा दिएमा, मृत्यु भएमा र सम्बन्धित संघ-संगठनले आफ्नो संगठनको सदस्यताबाट निष्काशन गरेको निर्णय सहितको जानकारी पठाएमा, स्थानान्तरण भै अन्यत्र क्याम्पसमा गएमा वा भर्ना भएमा, विदेश गएको प्रमाणित

भएमा, अविश्वासको प्रस्ताव पारित भएमा सम्बन्धित पदाधिकारी वा सदस्यको पद रिक्त भएको मानिनेछ ।

ख) उल्लेखित कारणले सभापतिको पद रिक्त हुन आएमा उपसभापतिले सभापतिको कार्यभार सम्हाल्नेछ ।

ग) सचिवको पद रिक्त हुन आएमा सहसचिवले कार्यभार सम्हाल्नेछ ।

घ) अन्य पदाधिकारीहरुको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यहरु मध्येबाट कार्यसमितिको निर्णयानुसार पदाधिकारीहरुको पदपूर्ति गरिनेछ । सम्बन्धित संघ-संघठनले पठाएको सदस्यको पद रिक्त भएमा बन्द सूचीभित्र बाट सोही संघ-संगठनले तोकी पठाएको सदस्य बाँकी अवधिका लागि सदस्य हुनेछ ।

## परिच्छेद ३
## कार्यसमितिको निर्वाचन तथा काम, कर्तव्य र अधिकार

**९. कार्यसमितिको गठन :**

युनियनको कार्यसमितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) युनियनको निर्वाचनका लागि क्याम्पस सञ्चालक समितिले एक जना निर्वाचन संयोजक र आवश्यकता अनुसार सदस्य तोकी स्व.वि.यु. निर्वाचन संयोजक र आवश्यकता अनुसार सदस्य तोकी स्व.वि.यु. निर्वाचन प्रबन्ध समिति गठन गर्नेछन् ।

ख) प्रत्यक्ष निर्वाचन तर्फ कुनै पदाधिकारीले पाएको मत बराबर भएमा निर्वाचन संयोजकले गोला प्रथाद्वारा निर्णय गर्नेछ ।

ग) प्रत्यक्ष निर्वाचनमा विद्यार्थीहरुले आफ्नो संगठन वा स्वतन्त्र वा व्यक्तिगत रुपमा उम्मेदवारी दिन सक्नेछन् ।

घ) निर्वाचनमा विद्यार्थीहरुले आफ्नो उम्मेदवारी दिदा स्व.वि.यु. निर्वाचन प्रबन्ध समितिले तोके बमोजिमको शुल्क तिरी उम्मेदवारी दिन सक्नेछ । उम्मेदवारी दर्ताका आधारमा मतपत्रमा क्रमशः नाम र चिन्ह राखिनेछ । संघ-संगठनका तर्फबाट उम्मेदवारी दिनेले संगठनको आधिकारीक पत्र साथै पेश गर्नुपर्नेछ । बन्दसूची सम्बन्धित संघ-संगठनको निर्णय प्रतिलिपि साथै राखी सम्बन्धित संघ-संगठनले पेश गर्नुपर्ने छ ।

ङ) निर्वाचनमा दिइने दरखास्तपत्र अनुसुची १ बमोजिम हुनेछ र पदाधिकारीको मतपत्र अनुसुचि २ (क) र समानुपातिक तर्फको मतपत्र अनुसुची २ (ख) बमोजिम हुनेछ ।

च) निर्वाचन कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुलाई निर्वाचन प्रबन्ध समितिका संयोजकले अनुसुची ३ बमोजिम प्रमाणपत्र प्रदान गर्नेछन् ।

छ) कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरुलाई निर्वाचन भएको १५ दिन भित्र निवर्तमान कार्यसमितिले बरबुझारथ गरी पद हस्तान्तरण गर्नुपर्ने छ ।

ज) स्व.वि.यु निर्वाचन कार्यतालिका प्रकाशन गर्दा विद्यार्थी संघ-संगठनको दर्ताका लागि न्यूनतम ३ दिनको समय दिनुपर्नेछ । दर्ता हुन आउने विद्यार्थी संघ-संगठनले आफ्नो विधान अथवा नियम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

झ) क्याम्पस प्रशासन वा निर्वाचन प्रबन्ध समितिले स्व.वि.यु. निर्वाचनलाई स्वच्छ, स्वतन्त्र एवं शान्ति पूर्णरुपमा सम्पन्न गर्न विद्यार्थी संघ-संगठनका प्रतिनिधिहरुका बीच बैठक बसी आवश्यक निर्णय लिन सक्नेछ ।

ञ) उम्मेदवारी परिसकेपछि सम्बन्धित उम्मेदवार र विद्यार्थी संघ-संगठनका प्रतिनिधिहरुबीच निर्वाचन आचार संहिता र सदर बदर मतको प्रारुप तयार गर्ने कर्तव्य निर्वाचन प्रबन्ध समितिको हुनेछ । बैठकमा उपस्थित नहुने उमेदवार वा विद्यार्थी संघ-संगठनका कारणले प्रकृया रोकिने छैन ।

## १०. निर्वाचन आचार संहिता :

युनियनको निर्वाचनमा भाग लिने विद्यार्थी संघ-संगठन तथा उमेदवारले देहाय बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ :

क) कुनै धर्म, जातजाति, वर्ग, सम्प्रदायकाबीच विद्वेष फैलाउने वा व्यक्तिगत लाञ्छना लगाउने गरी प्रचारप्रसार गर्न पाइनेछैन ।

ख) क्याम्पस कम्पाउण्ड तथा भवनमा भित्ते लेखन, पोष्टर तथा तुलव्यानर टास्न पाइनेछैन ।

ग) विद्यार्थी संघ-संगठन वा उमेदवारले आफ्नो घोषणापत्र, कार्यक्रम तथा प्रचारप्रसार गर्दा सभ्य भाषामा बढीमा २१०×२९७MM. अर्थात् A4 साइजमा गर्न सकिनेछ ।

घ) कुनै लाठा, भाला तथा हतियार वा विष्फोटकजन्य वस्तु लिइ क्याम्पस क्षेत्रमा प्रवेश गर्न पाइने छैन ।

ङ) कुनै उमेदवार वा संगठन, क्याम्पसका पदधिकारी, प्राध्यापक-कर्मचारी, विद्यार्थी विरुद्ध डर, त्रास वा धम्कीयुक्त कार्यहरु गर्न पाइनेछैन् ।

च) क्याम्पस वा कसैको निजी सम्पत्तिमाथि क्षति हुने कुनैपनि कार्य गर्न पाइनेछैन ।

## ११. निर्वाचन प्रतिनिधि राख्ने एवं मत्रपत्र वदर हुने अवस्था :

युनियनको निर्वाचनमा देहायको अवस्थामा सम्बन्धित उमेदवार वा संघ-संगठनको मतपत्र वदर हुनेछ :

क) निर्वाचित हुने संख्याभन्दा बढी उमेदवार वा चिन्हमा मतदान गरेमा ।

ख) मतपत्रमा कुनै अन्य चिज बस्तु राखेमा वा संकेत गरेमा वा चिन्ह लगाएमा ।

ग) उमेदवार वा संगठनको चुनाव चिन्ह वा कोष्ठभन्दा बाहिर पर्ने गरी मतदान गरेमा ।

घ) कुन उमेदवार वा चिन्हमा मतदान गरेको हो स्पष्ट नभएमा ।

## १२. मतगणना :

क) मतगणना गर्दा प्रत्यक्ष र समानुपातिकको अलग-अलग ठाउँमा एकसाथ गरिनेछ ।

ख) मतपत्र मिलाउँदा वा गणना गर्दा संगठन वा उमेदवारको अलग-अलग चाङ लगाइ गणना गर्न पाइनेछैन । मतपत्र मिलाउदा एक-एक सयको मुठा बनाई हरेक ५० मतपत्र गणना भएपछि मात्र बाहिर जानकारी दिनुपर्नेछ ।

ग) मतगणना गर्दा सम्बन्धित संघ संगठनले आफ्ना उमेदवार वा अन्य प्रतिनिधि हरेक गणना हुने स्थानका लागि बढीमा ३ जना र स्वतन्त्र उमेदवार आफू वा निजको प्रतिनिधि मतगणना स्थलमा रहन सक्नेछन् ।

घ) मतदान कार्यमा हरेक संगठनले एक स्थानका लागि एकजना प्रतिनिधि र स्वतन्त्र उमेदवारले एकजना प्रतिनिधि पठाउन सक्नेछ ।

ङ) मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको परिचयपत्र निर्वाचन प्रबन्ध समितिले उपलब्ध गराउने छ ।

च) निर्वाचनको अवधिमा उमेदवार, मतदाता, सञ्चालक समिति, प्राध्यापक-कर्मचारी, पत्रकार, पर्यवेक्षक, सुरक्षाकर्मी मात्र क्याम्पसमा प्रवेश पाउनेछन् ।

छ) मतदान सम्पन्न भएपछि मतगणना गर्न नसकिने भएमा क्याम्पसमा वा अन्य सुरक्षित स्थानमा सोही दिन वा अर्कोदिन मतगणना गर्न सकिने छ ।

ज) निर्वाचन हुने दिनमा विहान ८:३० बजेपछि दिउसो ३:३० बजेसम्म मात्र मतदान कार्य हुनेछ । समयको फेरवदल गर्नुपरेमा निर्वाचन प्रबन्ध समितिले निर्णय गरे बमोजिम हुनेछ ।

## १३. स्व.वि.युको काम, कर्तव्य र अधिकार :

युनियनको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कार्यसमितिले माथि नियम ३ मा उल्लेख भएका उद्देश्यहरुको परिपुर्तिका लागि काम गर्नेछ ।
ख) कार्यसमितिले पदाधिकारीहरु र सदस्यहरुको काम र कर्तव्य निर्धारण गरी निर्देशिका बनाउन सक्नेछ ।
ग) क्याम्पसले विद्यार्थी हितसँग सम्बन्धित कुनै समितिको गठन गर्दा त्यसमा युनियनको सभापति वा निजले तोकेको कार्यसमितिको सदस्यले प्रतिनिधित्व गर्नेछ ।

## १४. बैठकको कार्यविधि :

युनियनको साधारणसभा तथा कार्यसमितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम हुनेछ :

क) साधारणसभा तथा कार्यसमितिको बैठकको अध्यक्षता कार्यसमितिको सभापतिले गर्नेछन् ।
ख) कार्यसमितिको बैठक आवश्यकतानुसार सभापतिको निर्देशनमा सचिवले बोलाउनेछन् ।
ग) साधारणसभाका निमित्त कम्तिमा १५ दिन र कार्यसमितिको निमित्त २ दिन अगाडी छलफल हुने विषयहरु समेत उल्लेख गरी सूचना दिनुपर्नेछ ।
घ) बैठक सम्बन्धि अन्य प्रक्रियाहरु कार्यसमितिले निर्धारण गर्नेछ ।

## १५. निर्णय :

निर्णय लिने प्रक्रिया देहाय बमोजिम हुनेछ :

क) बहुमतद्वारा भएको निर्णयलाई साधारणसभा वा कार्यसमितिको निर्णय मानिनेछ ।
ख) पक्षविपक्षमा मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछन् ।

## १६. अविश्वासको प्रस्ताव :

देहायको प्रक्रिया पुरा गरी युनियनको कार्यसमिति विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

क) कुल साधारण सदस्य संख्याको २५ प्रतिशत सदस्यको हस्ताक्षर गरी कार्यसमिति वा कार्यसमितिको कुनै सदस्य वा पदाधिकारी विरुद्ध कारण सहितको अविश्वासको प्रस्ताव युनियनको कार्यालय समक्ष पेश गर्न सकिनेछ ।
ख) उपनियम (क) बमोजिम अविश्वासको प्रस्ताव दर्ता भएपछि त्यसको १५ दिनभित्र साधारणसभा बोलाई छलफल गराउनुपर्ने छ ।
ग) अविश्वासको प्रस्ताव साधारणसभाको गणपुरक संख्याको दुई तिहाइ बहुमतद्धारा अनुमोदन भएमा पारित भएको मानिनेछ ।
घ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमिति गठन भएको साधारणतय ६ महिनासम्म कुनै किसिमको अविश्वासको प्रस्ताव ल्याउन सकिनेछैन ।

## १७. आर्थिक व्यवस्था :

युनियनको आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछ :

क) साधारण सदस्यले बुझाएको सदस्यता शुल्क अन्यथा व्यवस्था भएमा बाहेक क्याम्पसले बुझिलिइ युनियनको कार्यसमितिलाई हस्तान्तरण गर्नेछ । यसरी हस्तान्तरण गरिने रकम बार्षिक बजेटमा उल्लेख गरिनेछ ।
ख) उपनियम (क) बमोजिम प्राप्त हुन आएको रकम र कार्यसमितिले अन्य श्रोतबाट प्राप्त गरेको रकम कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली ५ दिनभित्र जम्मा गर्नुपर्नेछ ।
ग) उपनियम (ख) बमोजिमको खाता सञ्चालन सभापति वा निजले तोकेको कार्यसमितिका पदाधिकारी वा सदस्यहरु मध्येबाट १ जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

घ) आम्दानी खर्चको विधिवत हिसाब राख्नुपर्नेछ । सोको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकद्धारा गराइ प्राप्त प्रतिवेदन संरक्षक र साधरणसभामा प्रस्तुत गर्नुपर्नेछ । लेखापरीक्षण प्रतिवेदन पेश नभएमा क्याम्पस प्रमुखले वार्षिक बजेट रोक्न सक्नेछन् ।

**१८. संरक्षक :**

युनियनको संरक्षक क्याम्पसका क्याम्पस प्रमुख हुनेछन् ।

क) कार्यसमिति वा साधारणसभाले गरेका निर्णयहरुको जानकारी सभापतिले संरक्षकलाई ७ दिनभित्र दिनुपर्नेछ ।

ख) नियम ३ मा उल्लेख भएका उद्देश्यहरु पुरा गर्ने गराउने क्रममा संरक्षकले आवश्यक राय सल्लाह र सहयोग दिनेछन् ।

ग) संरक्षकले कार्यसमितिको सिफारिसमा युनियनका सभापति र कार्यसमितिले अन्य पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्नेछन् ।

घ) संरक्षकको निर्वाचन सम्बन्धमा उठेका विवाद र स्व.वि.यु सम्बन्धि अन्य विवादको निर्णय गर्नेछन् ।

ङ) विशेष परिस्थिति सृजना भएमा विद्यार्थी संघ-संगठनहरुका प्रतिनिधिहरुको र क्याम्पस सञ्चालक समितिको राय लिइ निर्वाचन प्रकृया बढीमा ३ महिनासम्म स्थगित गर्न सक्नेछन् ।

**१९. पुनरावेदन गर्न सक्ने :**

नियम ३.१०(ग) बमोजिम क्याम्पस प्रमुखले गरेका निर्णयमा चित्त नबुझेमा सो उपर क्याम्पस सञ्चालक समिति वा क्याम्पस सञ्चालक समितिले तोकेको समितिले पुनरावेदन सुनि अन्तिम निर्णय गर्नेछ ।

**अनुसुचि १**

नियम ३.१ (ङ) सँग सम्बन्धित

श्रीमान संयोजकज्यू,
स्व.वि.यु. निवाचन प्रबन्ध समिति
जनज्योति क्याम्पस
भिमाद-६, तनहुँ

**बिषय : उम्मेदवारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस क्याम्पसमा मिति ........................... गते हुन गइरहेको स्व.वि.यु निर्वाचनमा ....................... संघ/संगठन/स्वतन्त्रको तर्फबाट ........................ पदमा उम्मेदवारी दिन चाहेकोहुदा प्रबन्ध समितिले तोकेको दस्तस्तुर सहित यो दरखास्त दिन आएको छु ।

**उम्मेदवारको विवरण :**

नाम :

संकाय :

वर्ष :

रोल नं.:

मतदाता क्रमसंख्या :

उम्मेदवारको हस्ताक्षर

माथि लेखिएका श्री ..................................................... लाई हामी स्व.वि.युको ...................... पदमा प्रस्ताव र समर्थन गर्दछौँ ।

| प्रस्तावक | समर्थक |
|---|---|
| नाम : | नाम : |
| संकाय : | संकाय : |
| वर्ष : | वर्ष : |
| रोल नं.: | रोल नं.: |
| मतदाता क्रमसंख्या : | मतदाता क्रमसंख्या : |
| हस्ताक्षर | हस्ताक्षर |

# अनुसुचि २ (क)

नियम ३.१ -ङ) सँग सम्बन्धित

**जनज्योति क्याम्पस**

भिमाद-६, तनहुँ

**स्व.वि.यु, प्रत्यक्ष निर्वाचन मतपत्र**

क्रम संख्या :

नाम :

संकाय :

वर्ष :

रोल नं.:

मतदाता क्रमसंख्या :

मतदाताको हस्ताक्षर

---

**जनज्योति क्याम्पस**

भिमाद-६, तनहुँ

**स्व.वि.यु, प्रत्यक्ष निर्वाचन मतपत्र**

आफले रोजेको उम्मेदारको कोष्ठमा ☑ चिन्ह लगाउने ।

| संघ/संगठन/स्वतन्त्र | | संघ/संगठन/स्वतन्त्र | | संघ/संगठन/स्वतन्त्र | |
|---|---|---|---|---|---|
| सभापती | | सभापती | | सभापती | |
| सचिव | | सचिव | | सचिव | |
| कोषाध्यक्ष | | कोषाध्यक्ष | | कोषाध्यक्ष | |
| सदस्य | | सदस्य | | सदस्य | |
| सदस्य | | सदस्य | | सदस्य | |
| सदस्य | | सदस्य | | सदस्य | |
| सदस्य | | सदस्य | | सदस्य | |
| सदस्य | | सदस्य | | सदस्य | |

............................

संयोजक

निर्वाचन प्रबन्ध समिति

**अनुसुचि २ (ख)**

नियम ३.१ -ङ) सँग सम्बन्धित

**जनज्योति क्याम्पस**

भिमाद-६, तनहुँ

**स्व.वि.यु, समानुपातिक निर्वाचन मतपत्र**

क्रम संख्या :

नाम :

संकाय :

वर्ष :

रोल नं.:

मतदाता क्रमसंख्या :

मतदाताको हस्ताक्षर

---

**जनज्योति क्याम्पस**

भिमाद-६, तनहुँ

**स्व.वि.यु, समानुपातिक निर्वाचन मतपत्र**

आफले रोजेको चिन्हमा स्वतिक छाप लगाउने ।

| निर्वाचन चिन्ह | निर्वाचन चिन्ह | निर्वाचन चिन्ह | निर्वाचन चिन्ह |
|---|---|---|---|
| | | | |

..........................

संयोजक

निर्वाचन प्रबन्ध समिति

अनुसुचि ३

नियम ३.१ (ङ) सँग सम्बन्धित

**जनज्योति क्याम्पस**

भिमाद-६, तनहुँ

स्व.वि.यु. निर्वाचन प्रबन्ध समिति

# प्रमाण-पत्र

यस जनज्योति क्याम्पस स्वतन्त्र विद्यार्थी यूनियनको मिति .................... मा भएको निर्वाचनमा ........... संकाय .......... वर्ष, रोल्नं. ......... मा अध्ययन तपाई श्री ............................................... संघ/संगठन/स्वतन्त्र तर्फबाट ........................ पदमा प्रत्यक्ष/समानुपातिक निर्वाचन तर्फ निर्विरोध/निर्वाचित हुन भएको ले बधाइका साथ यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

...........................

संयोजक

निर्वाचन प्रबन्ध समिति